# गेरुवा गाउँपालिकाको आर्थिक बिधेयक, २०७४

## गेरुवा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७४

**सभावाट स्वीकृत मिति २०७४।०५।१६**

**प्रस्तावनाः** गेरुवा गाउँ**पालिकाको** आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गेरुवा गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल भाद्र १७ गते देखि गेरुवा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **घर करः**

**गेरुवा गाउपालिका** क्षेत्रभित्र अनुसूचि (१) बमोजिम **घर** कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** :

**गेरुवा गाउँपालिका** क्षेत्रभित्र अनुसुचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः**

गेरुवा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**

गेरुवा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**

गेरुवा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**

गेरुवा गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः**

गेरुवा गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः**

गेरुवा गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः**

गेरुवा गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरे वारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः**

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः**

गेरुवा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **जरिवाना:**

गेरुवा गाउंपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्, व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानुन विपरितका कार्य गर्नेलाई अनूसूची १४ बमोजिमको जरिवाना गरिनेछ / साथै गेरुवा गाउंपालिका, गाउं कार्यपालिकाको कार्यालयले समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ /

१६. **घर जग्गा रजिष्ट्रेशन शुल्क:**

गेरुवा गाउंपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनूसुची १५ बमोजिम रजिष्ट्रेशन शुल्क लगाइ असुल उपर गरिनेछ /

१७. **कर छुट::**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

१९) **अन्य व्यवस्था :**

गेरुवा गाउँपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ ।

२०) **यसै ऐन बमोजिम भएको मानिने :**

यो ऐन जारी हुन अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२१) **नियम वा कार्यविधि बनाउन सक्ने :**

गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२२) **साविक बमोजिम हुने :**

यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

## अनुसूची (१)
## दफा(२) सँग सम्बन्धीत
## घरकरको दररेट

| क्र.सं | विवरण | दर रु. ०७४/०७५ |
|---|---|---|
| १. | खरले छाएको | ५०।- |
| २. | टायल कर्कट पाताले छाएको | ८०।- |
| ३. | १ तले पक्की घर | १००।- |
| ४. | पक्की घर १ तलाभन्दा माथी प्रति तला थप | १००।- |

**अनुसूची(२)**
**दफा(३)सँग सम्बन्धित**
**भूमि कर(मालपोत) को दररेट**

| **क्र.सं** | **देखि** | **सम्म** | **प्रति कठ्ठा दर. रु ०७४/०७५** |
|---|---|---|---|
| १. | ०-०-१ | ०-५-० | ५।- |
| २. | ०-५-० | १-०-० | ७।- |
| ३. | १-०-० | २-०-० | १०।- |
| ४. | २-०-० | ३-०-० | १५।- |
| ५. | ३-०-० भन्दा माथि | | २०।- |

विगतको वक्यौतामा २० प्रतिशत जरिवाना लाग्नेछ ।

**अनुसूची(३)**
**दफा(४)सँग सम्बन्धित**
**बहाल करको दररेट**

गेरुवा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा, पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक रुपमा बहाल दिएकोमा बहाल अंकको १० प्रतिशत का दरले बहाल कर संकलन गरिनेछ । संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नुपर्नेछ ।

**अनुसूची(४)**
**दफा(५)सँग सम्बन्धित**
**व्यवसाय करको दररेट**

| क्र.स. | विवरण | आ.व. ०७४/०७५ |
|---|---|---|
| 1 | **मदिरा पसल** | |
| 1.1 | वितरक | २००० |
| 1.2 | थोक बिक्री पसल | १५०० |
| 1.3 | खुद्रा विक्री पसल | १००० |
| 2 | **चुरोट, विडि र सुर्तीजन्य** | |
| 2.1 | वितरक | १५०० |
| 2.2 | थोक पसल | १०००।- |
| 2.3 | खुद्रा पसल | ७५०।- |
| 3 | **हल्का पेय पदार्थ** | |
| 3.1 | थोक वितरक | ५०० |
| 3.2 | खुद्रा विक्रेता | २०० |
| 4 | **सुन चांदी पसल** | |
| 4.1 | थोक रुपमा फेन्सी गहन बनाई बिक्री गर्ने पसल (क श्रेणि) | १५०० |
| 4.2 | साना तथा हातले गहना बनाई बिक्री गर्ने पसल (ख श्रेणि) | १००० |
| 4.3 | साधारण गहना बनाउने तथा मर्मत गर्ने पसल (ग श्रेणि) | ७५० |
| 5 | **औषधी पसल** | |
| 5.1 | औषधी थोक विक्रेता | २००० |
| 5.2 | औषधी खुद्रा पसल (डक्टर भएको) | १५०० |
| 5.3 | औषधी खुद्रा पसल (डक्टर नभएको) | १००० |
| 6 | **आर्युवेदिक औषधी पसल** | |
| 6.1 | आर्युवेदिक औषधी थोक पसल | १००० |
| 6.2 | आर्युवेदिक औषधी खुद्रा पसल | ५०० |
| 7 | **एग्रोभेट पसल** | |
| 7.1 | क श्रेणी (थोक पसल) | १००० |
| 7.2 | ख श्रेणी (खुद्रा पसल) | ५०० |
| 8 | **स्टेशनरी तथा पुस्तक पसल** | |
| 8.1 | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | १००० |
| 8.2 | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | ७५० |
| 8.3 | स्टशनरी मात्र वा पुस्तक मात्र विक्री गर्ने पसल | ५०० |
| 8.4 | मुद्रण सामाग्रि | ३०० |
| 9 | **छपाइ तथा प्रकाशन** | |
| 9.1 | अफसेट प्रेस | ५०० |
| 9.2 | साधारण प्रेस | ३६० |
| **10** | **कस्मेटिक** | |
| 10.1 | (थोक विक्रेता) | ५०० |
| 10.2 | (खुद्रा विक्रेता) | ३६० |
| 11 | **मोटर पार्टस तथा बोडि विल्डर्स** | |
| 11.1 | सवारी साधनको सिट, हुट बनाउने बोडि विल्डर्स पसल | १००० |

| | | |
|---|---|---|
| 11.2 | मोटर पार्टस विक्रि थोक | ७५० |
| 11.3 | मोटर पार्टस विक्रि खुद्रा | ५०० |
| 12 | **लुब्रिकेसन सेक्सन तर्फ** | |
| 12.1 | क)थोक | ७०० |
| 12.2 | ख)खुद्रा | ५०० |
| 13 | **प्लाई तथा ग्लास** | |
| 13.1 | क थोक | ५०० |
| 13.2 | ख खुद्रा | ३०० |
| 14 | **कपडा तथा फेन्सी पसल** | |
| 14.1 | क)थोक | १००० |
| 14.5 | ख)खुद्रा | ७५० |
| 15 | **व्याग हाउस** | |
| 15.1 | क) थोक | ५०० |
| 15.2 | ख) खुद्रा | ३६० |
| 16 | **धागो टाँक पसल** | |
| 16.1 | क)थोक | ५०० |
| 16.2 | ख) खुद्रा | ३६० |
| 17 | **इलेक्ट्रोनिक पसल** | |
| 17.1 | क) इलेक्ट्रोनिक थोक | २००० |
| 17.2 | ख) इलेक्ट्रोनिक खुद्रा | १५०० |
| 17.3 | ग) मोवाईल, घडी, रेडियो क्याल्कुलेटर | १००० |
| 17.4 | घ) मोवाईल, अडीयो, भिडियो क्यासेट | १००० |
| 18 | **विद्युत सामाग्रि पसल** | |
| 18.1 | क) थोक | १५०० |
| 18.2 | ख) खुद्रा | १००० |
| 19 | **हार्डवयर/मेसिनरि/पेन्ट/स्यानीटरि/मार्वल पसल** | |
| 19.1 | थोक पसल | २००० |
| 19.2 | खुद्रा पसल | १५०० |
| 20 | **पेट्रोलियम पदार्थ** | |
| 20.1 | ३ पम्प वा माथी | १५०० |
| 20.2 | २ पम्प | १२०० |
| 20.3 | १ पम्प भएको | १००० |
| 20.4 | सब-डीलर | ५०० |
| 20.5 | ग्याँस सिलिन्डर सब -डीलर | १००० |
| 20.6 | मट्टितेल मात्र विक्रि | ५०० |
| **21** | **स्टिल आल्मुनियम पसल** | |
| 21.1 | क) थोक | १००० |
| 21.2 | ख) खुद्रा | ७०० |
| 21.3 | ग) सामान्य | ५०० |
| 22 | **फर्निचर पसल** | |
| 22.1 | क)थोक | १००० |
| 22.2 | ख) खुद्रा | ५०० |
| 23 | **सवारी साधन एजेन्सी तथा बिक्रि पसल** | |
| 23.1 | बस,ट्रक,ट्रयाक्टर, जिप, कार, भ्यान डिलर | २००० |

| | | |
|---|---|---|
| 23.2 | मोटर साईकल डिलर | १५०० |
| 23.3 | मोटर साईकल तथा अन्य साधन स्वदेशी डिलर | १२०० |
| 23.4 | साईकल डिलर | १००० |
| 23.5 | रिकन्डीसन हाउस | ७५० |
| 23.6 | टायर डिलर | ५०० |
| 23.7 | पम्प सेट, जनेरेटर डिलर | ३६० |
| 23.8 | विविध विषयका सामान सप्लार्यस र एजेन्सी | ५०० |
| 24 | **दैनिक उपभोग्य वस्तु** | |
| 24.1 | खाद्य सप्लायर्स | ७०० |
| 24.2 | गल्ला थोक | ५०० |
| 24.3 | खाद्यान्न किराना थोक | ४५० |
| 24.4 | खाद्यन्न किराना खुद्रा | ३६० |
| 24.5 | साना किराना पसल | ३६० |
| 24.6 | आलु, प्याज, लसुन, अदुवा | ५०० |
| 25 | **फलफुल पसल** | |
| 25.1 | क) थोक | ५०० |
| 25.2 | ख) खुद्रा | ३६० |
| 26 | **तरकारि पसल** | |
| 26.1 | क) थोक | ५०० |
| 26.2 | ख) खुद्रा | ३६० |
| 27 | **सुति कपडा पसल** | |
| 27.1 | क) थोक | ५०० |
| 27.2 | ख) खुद्रा | ३६० |
| 28 | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा** | |
| 28.1 | **क) चिकित्सक** | |
| 28.1.1 | कन्सल्टेन्ट डक्टर | १५०० |
| 28.1.2 | मेडिकल अफिसर | १००० |
| 28.1.3 | कविराज | ३६० |
| 28.2 | **ख) कन्सल्टेन्ट सेवा** | |
| 28.2.1 | ईन्जिनीयरिङ्ग परामर्श सेवा क | १००० |
| 28.2.2 | ईन्जिनीयरिङ्ग परामर्श सेवा ख | ७५० |
| 28.2.3 | ईन्जिनीयरिङ्ग परामर्श सेवा ग | ५०० |
| 28.3 | **ग) कानुन व्यवसायी** | |
| 28.3.1 | ल-फर्म तथा कानुन परामर्श क | ७५० |
| 28.3.2 | ल-फर्म तथा कानुन परामर्श ख | ५०० |
| 28.3.3 | ल-फर्म तथा कानुन परामर्श ग | ३६० |
| 28.4 | **घ) लेखा परिक्षण व्यवसाय तर्फ** | |
| 28.4.1 | लेखा पक्षिण (सि.ए.) | १००० |
| 28.4.2 | लेखा पक्षिण व्यवसाय क र ख वर्ग | ७०० |
| 28.4.3 | लेखा परिक्षण व्यवसाय ग र घ | ५०० |
| 28.5 | **ङ) दन्त चिकित्सक** | |
| 28.5.1 | डेन्टल होम सेवा डक्टर सहित | १००० |
| 28.5.2 | दन्त चिकित्स सेवा ख | ५०० |
| 28.6 | **च) अनुसन्धान कर्ता परामर्श दाता** | |

| | | |
|---|---|---|
| २8.6.1 | अनुसन्धान कर्ता | १००० |
| 28.6.2 | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | ७५० |
| 28.6.3 | विमा एजेन्ट | ५०० |
| 28.6.4 | सर्भेयर | ५०० |
| 28.6.5 | नोटरि प्बलिक | ५०० |
| 28.6.6 | पशु चिकित्सक डक्टर | ७०० |
| 28.6.7 | पशु चिकित्सक सेवा प्रदायक | ५०० |
| 28.6.8 | शेयर दलाल | ७०० |
| 28.6.9 | ढुवानि तथा ट्रान्सपोर्ट क | ११०० |
| | ढुवानि तथा ट्रान्सपोर्ट ख | ९०० |
| | ढुवानि तथा ट्रान्सपोर्ट ग | ७५० |
| 28.6.10 | संस्थागत पेन्टर क | ६००० |
| | संस्थागत पेन्टर ख | ५५०० |
| | संस्थागत पेन्टर ग | ५००० |
| 29 | **निर्माण व्यवसाय :** | |
| 29.1 | निर्माण व्यवसायी | ४५०० |
| 29.2 | विदेशी निर्माण व्यवसायी एवम् परामर्शदाता | ४००० |
| 29.3 | नेपाल सरकारबाट इजाजत प्राप्त (क) वर्गको निर्माण व्यवसायी | ३५०० |
| 29.4 | नेपाल सरकारबाट इजाजत प्राप्त (ख) वर्गको निर्माण व्यवसायी | ३००० |
| 29.5 | नेपाल सरकारबाट इजाजत प्राप्त (ग) वर्गको निर्माण व्यवसायी | २५०० |
| 29.6 | नेपाल सरकारबाट इजाजत प्राप्त (घ) वर्गको निर्माण व्यवसायी | २००० |
| 30 | **भवन निर्माण सम्बन्धि** | |
| 30.1 | मिक्सचर र सटरिङ्ग सामान भएको | ३००० |
| 30.2 | सटरिङ्ग सामान मात्र भएको | २५०० |
| 31 | **उत्पादन मुलक उद्योग** | |
| 31.1 | स्टिल आल्मुनियम ग्रील उद्योग | २५०० |
| 31.2 | फलामको ग्रिल उद्योग | २००० |
| 31.3 | जुत्ता उद्योग तथा सोरुम | २००० |
| 31.4 | जुत्ता सोरुम मात्र | ५०० |
| 31.5 | जुत्ता मर्मत | ३०० |
| 31.6 | पशुआहार विक्रि केन्द्र | ५०० |
| 31.7 | पशुपन्छी मौरी माछा व्यवसायी कृषी फार्म उद्योग | २००० |
| 31.8 | घरेलु कुटिर उद्योग (अगरबत्ति, मैन बत्ति, टिकि, अचार तथा अन्य कुटिर,) | २००० |
| 32 | **कपडा तथा गार्मेन्ट उद्योग** | |
| 32.1 | सिरक डसना उद्योग पसल | २००० |
| 33 | **पेय पदार्थ उत्पादन उद्योग** | |
| 33.1 | आईस बरफ उद्योग | २००० |
| 33.2 | आईसक्रिम उद्योग | २००० |
| 33.3 | पानी उद्योग | २२०० |
| 33.4 | **भांडा उद्योग** | |
| 33.5 | टिनको बाकस र दराज उत्पादन | २००० |

| | | |
|---|---|---|
| 34 | **कुटानी पेलानी** | |
| 34.1 | फ्लोर मिल | २५०० |
| 34.2 | सेलर मिल | २००० |
| 34.3 | कुटानी पेलानी (हलर) समेत | १५०० |
| 34.4 | चिउरा मिल | २००० |
| 34.5 | मसला उद्योग | २००० |
| 35 | **डेरि उद्योग** | |
| 35.1 | डेरि उद्योग तथा विक्रि पसल | २१०० |
| 35.2 | डेरि विक्रि पसल | २००० |
| 36 | **उपभोग्य वस्तु उत्पादन उद्योग** | |
| 36.1 | कुकिज, नुडल्स उद्योग | १०००० |
| 36.2 | दालमोठ पाउरोटी चाउमीन उद्योग | २००० |
| 36.3 | कन्फेक्सनरी | २००० |
| 36.4 | भेली उत्पादन उद्योग | २००० |
| 37 | **रिकन्डीसन उद्योग** | २००० |
| 38 | **ऊर्जामुलक उद्योग** | |
| 38.1 | वायो ग्याँस उद्योग | २००० |
| 38.2 | सौर्य शक्ति उत्पादन | २००० |
| 38.3 | मर्मत संभार पार्ट | २००० |
| 39 | **वन जन्य उद्योग** | |
| 39.1 | स-मिल,प्लाईउड उद्योग | २५०० |
| 39.2 | काठ विक्रि डिपो | १८०० |
| 39.3 | काठको फर्निचर उद्योग र सोरुम | २००० |
| 39.4 | काठको फर्निचर सोरुम | १६०० |
| 39.5 | बेत बाँस तथा ब्याम्बो सोरुम | १५०० |
| 40 | **कंक्रिट उद्योग** | |
| 40.1 | कंक्रिट ब्लक सीमेन्ट टायल उद्योग | १५०० |
| 40.2 | स्यानीटरी उद्योग | १५०० |
| 40.3 | ह्युम पाइप तथा विद्युत पोल उत्पादन उद्योग | २००० |
| 41 | **क्रसर उद्योग/इटा भट्टा उद्योग** | |
| 41.1 | क) गिट्टि चाल्ने सहित क श्रेणिको डबल प्लान्ट क्रेसर उद्योग | २००० |
| 41.2 | गिट्टि चाल्ने सहित ख श्रेणिको डबल प्लान्ट क्रेसर उद्योग | १८०० |
| 41.3 | गिट्टि चाल्ने नभएको डबल प्लान्ट क्रेसर उद्योग | १७०० |
| 41.4 | गिट्टि वालुवाचाल्ने मात्र भएको | १६०० |
| 41.5 | गिट्टि कुट्ने सिङ्गल प्लान्ट उद्योग | १५०० |
| 41.6 | इटा भट्टा भुसको वार्षिक कर | ३००० |
| 41.7 | इटा भट्टा चिम्नी वार्षिक कर | ५००० |
| 42 | **डिस्टिलरि उद्योग** | ३००० |
| 43 | **पर्यटन उद्योग** | |
| 43.1 | होटेल, लज तथा रेष्टुरेन्ट | २५०० |
| 43.2 | होटेल तथा लज | २००० |
| 43.3 | होटेल तथा रेष्टुरेन्ट | १८०० |
| 43.4 | दोहरि साँझ | १५०० |

| | | |
|---|---|---|
| 43.5 | क्याफे तथा फास्ट फुड | १५०० |
| 43.6 | रेष्टुरेन्ट | १५०० |
| 43.7 | भोजनालय | १००० |
| 43.8 | मिष्ठान्न / क्याटोरिङ्ग पसल | १२०० |
| 43.9 | चिया कफि पसल | १००० |
| 43.10 | मिष्ठान्न पसल | ११०० |
| 43.11 | क्याटोरिङ्ग | १५०० |
| 43.12 | पाटि प्यालेस | १५०० |
| 43.13 | चाट पसल | १००० |
| 43.14 | साना खाजा नास्ता पसल मदिरा सहित | १००० |
| 44 | **टेन्ट हाउस** | |
| 44.1 | विजुलि, डेकोरेसन, बेन्ड बाजा सहितको टेन्ट हाउस | १५०० |
| 44.2 | विजुलि, डेकोरेसन सहितको टेन्ट हाउस | १००० |
| 44.3 | विजुलि डेकोरेसन रहित टेन्ट हाउस | ७०० |
| 44.4 | टेन्ट हाउस | ५०० |
| 45 | **सेवा उद्योग** | |
| 45.1 | अफसेट प्रेस | १५०० |
| 45.2 | स्क्रिन प्रीन्ट प्रेस | १२०० |
| 45.3 | लेटर प्रीन्ट प्रेस | १००० |
| 45.4 | कलर ल्याब सेवा | १५०० |
| 45.5 | सिनेमा हल | १००० |
| 45.6 | भिडियो मिक्सीङ्ग | ७०० |
| 45.7 | फोटो स्टुडियो | ५०० |
| 46 | **संचार** | |
| 46.1 | टेलिफोन, ट्रङकल, मोवाईल सेवा प्रदायक कम्पनी | १००० |
| 46.2 | टिभि च्यानल प्रसारण | ३००० |
| 46.3 | केवुल च्यानल प्रसारण | ५००० |
| 46.4 | एफ.एम. प्रसारण | १००० |
| 46.5 | पत्रपत्रीका प्रकासन सेवा | |
| 47 | **कम्युनिकेसन सेवा** | |
| 47.1 | टुर्स एण्ड ट्राभल्स सेवा | ५०० |
| 47.2 | फोटोकपी, पि.सि.ओ.,साईवर तथा क्याफे | ३६० |
| 47.3 | कुरियर्स सेवा मुख्य कार्यालय | १००० |
| 47.4 | कुरियर्स सेवा शाखा कार्यालय | ५०० |
| 48 | **वित्तिय सेवा** | |
| 48.1 | निजी स्तर वाणिज्य बैंक मुख्य कार्यालय | २५००० |
| 48.2 | वाणिज्य बैंक प्रति शाखा कार्यालय | १०००० |
| 48.3 | विकास बैंक मुख्य कार्यालय | १०००० |
| 48.4 | विकास बैंक प्रति शाखा कार्यालय | ५००० |
| 48.5 | फाइनान्स कम्पनी मुख्य कार्यालय | ५००० |
| 48.6 | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ५००० |
| 48.7 | लघु वित्त कम्पनी | ५५०० |
| 48.8 | विमा कम्पनीहरु | ५००० |
| 48.9 | मनी एक्सचेन्जर | २००० |

| | | |
|---|---|---|
| 48.10 | वित्तिय सहकारी संस्था | १५०० |
| 49 | **स्वास्थ्य सेवा व्यवसाय** | |
| 49.1 | निजी अस्पताल तथा नर्सिङ्ग होम | ३००० |
| 49.2 | एम.आर.आई. सिटि स्क्यान,अल्ट्रासाउन्ड, क्लिनीक,पोलि क्लिनीक | २००० |
| 49.3 | प्याथालोजी | १५०० |
| 49.4 | अक्यूपंचर | १५०० |
| 49.5 | एक्सरे | १२०० |
| 49.6 | चस्मा पसल | १००० |
| 50 | **शिक्षा सेवा** | |
| 50.1 | निजि क्याम्पस तथा उच्च मा.वि. | १००० |
| 50.2 | निजि मा.वि. | ७०० |
| 50.3 | निजि नि.मा.वि. | ६०० |
| 50.4 | निजि प्रा.वि., पुर्व प्रा.वि.,छात्रवास, मन्टेश्वरी | ५०० |
| 50.5 | पोलि टेक्नीकल इन्सिच्युट, प्रशिक्षण समेत | २५०० |
| 50.6 | नर्सिङ्ग,सि.एम.ए.,एच.ए.,प्रशिक्षण समेत | २५०० |
| 50.7 | एजुकेस्नल कन्सलटेन्सी सेवा | १५०० |
| 50.8 | कम्प्युटर इलेक्ट्रोनिक तालिम | १५०० |
| 50.9 | सवारि चालक तालिम | १२०० |
| 50.10 | भाषा, शिक्षा, कोचिङ सेन्टर | १२०० |
| 51 | **अन्तराष्ट्रिय गैर सरकारि संस्था** | |
| 51.1 | अन्तराष्ट्रिय संस्था व्यवसायीक कारोबार गर्ने | ३००० |
| 51.2 | राष्ट्रिय संस्था | १५०० |
| 52 | **मर्मत संभार** | |
| 52.1 | नयाँ वोडि बनाउने | १००० |
| 52.2 | वोडि मर्मत गर्ने | ५०० |
| 52.3 | लेथ सेक्सन | १००० |
| 52.4 | टायर ट्युव डिलर सोरुम | ८०० |
| 52.5 | टायर रिसोलिङ | ८०० |
| 52.6 | हावा भर्ने तथा टायर पन्चर मर्मत | ३०० |
| 52.7 | इन्जिन मर्मत | ८०० |
| 52.8 | डेन्टीङ तथा पेन्टीङ | ८०० |
| 52.9 | डेन्टीङ मात्र | ५०० |
| 52.10 | पेन्टीङ मात्र | ५०० |
| 52.11 | पम्प सेक्सन मर्मत | ८०० |
| 52.12 | ब्याट्रि इलेक्ट्रोनिक सेक्सन मर्मत | ८०० |
| 52.13 | वासिङ सेक्सन | २०० |
| 52.14 | रिक्सा। साइकल विक्रि पसल | १००० |
| 52.15 | रिक्सा साइकल मर्मत तथा पार्टस सहित विक्रि | ५०० |
| 52.17 | टि.भि.,डेग, फ्रिज, मोटर पंखा मर्मत | ४०० |
| 52.18 | रेडियो, घडि, क्यालकुलेटर मोबाइल मर्मत | ३०० |
| 52.19 | मोटरसाइकल मर्मत | ४०० |
| 52.20 | कम्पनी पट्टा, रेडियर, ग्रिस,, हेड मर्मत | ५०० |
| 52.21 | जेनेरेटर, फ्रिज, कम्प्युटर मर्मत | ७०० |

| | | |
|---|---|---|
| 52.22 | हेभी इकवीमेन्ट | १५०० |
| 52.23 | बस ट्रक कार ट्याकटर | ७०० |
| 52.24 | टेलिफोन सेट स्टोभ मोटर ग्याँस वेल्डिङ विविध सामाग्री मर्मत | ८०० |
| 53 | **हेभि इक्युपमेन्ट** | |
| 53.1 | हेभि यक्युपमेन्ट खरिद विक्रि | १५०० |
| 53.2 | अन्य कवाड खरिद विक्रि | १००० |
| 54 | **अन्य सेवा** | |
| 54.1 | वैदेशिक रोजगार सेवा परामर्श दाता | ३००० |
| 54.2 | वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय | २००० |
| 54.3 | सेवा परामर्श दाता | १५०० |
| 54.4 | श्रमिक सेवा परामर्श दाता | ८०० |
| 54.5 | सामान सहित श्रमिक सेवा परामर्श दाता | ७०० |
| 54.6 | सेक्रेटरियल सेवा मात्र | १००० |
| 54.7 | रियल स्टेट | ३००० |
| 54.8 | वीज्ञापन सेवा | ९०० |
| 54.9 | खोटो व्यवसाय | १००० |
| 55 | **ड्राई किल्नीक, सैलुन तथा ब्युटि पार्लर** | |
| 55.1 | व्युटि पार्लर सेवा,तालिम सहितको | १००० |
| 55.2 | व्युटिपार्लर सेवा मसाज | १००० |
| 55.3 | कालिगढ सहितको सैलुन सेवा | १००० |
| 55.4 | सैलुन सेवा २ सिट सम्मको | ५०० |
| 55.5 | ड्राइकिल्निक सेवा | १००० |
| 56 | **साइन वोर्ड आर्ट व्यवसाय** | |
| 56.1 | डिजिटल आर्ट | १००० |
| 56.2 | अन्य आर्ट | ७०० |
| 57 | **पशु बधशाला** | |
| 57.1 | पशु बधशाला | २००० |
| 57.2 | पशुको छाला संकलन तथा विक्रि | १५०० |
| 58 | **माछा मासु विक्रि पसल** | |
| 58.1 | प्याकिङ माछा मासु सप्लार्यस | १००० |
| 58.2 | माछा मासु मध्य कम्तीमा तिन वटा सेवा दिने पसल | ७०० |
| 58.3 | माछा मासु मध्य कम्तिमा २ वटा सेवा दिने पसल | ५०० |
| 58.4 | कुनै एक सेवा, माछा सिध्रा | ४०० |
| 58.5 | अण्डा विक्रि पसल थोक | ७०० |
| 58.6 | अण्डा विक्रि पसल फुटकर | ५०० |
| 59 | **फुल विरुवा पसल** | |
| 59.1 | नर्सरी | ५०० |
| 59.2 | फुल विक्रि | ३६० |
| 60 | **स्नुकर तथा पुल हाउस** | |
| 60.1 | स्नुकर तथा पुल हाउस दुबै भएको | ७०० |
| 60.2 | स्नुकर मात्र | ५०० |
| 60.3 | पुल हाउस मात्र | ५०० |
| 61 | **भाँडा पसल तथा किचन सामाग्री** | |

| | | |
|---|---|---|
| 61.1 | थोक पसल | ७०० |
| 61.2 | खुद्रा पसल | ६०० |
| 61.3 | सामान्य भाँडा पसल | ५०० |
| 62 | **खेलौना, गिफ्ट हाउस तथा फोटो फ्रेम पसल** | |
| 62.1 | खेलौना तथा गिफ्ट पसल | ४०० |

| | | |
|---|---|---|
| | खेलौना मात्र | ३०० |
| 62.3 | फोटो फ्रेम | ३०० |
| 63 | **सिलाई, मेसिन मर्मत** | |
| 63.1 | सिलाइ पसल ५ मेशिनभन्दा बढी | १००० |
| | सिलाइ पसल ५ मेशिन सम्म | ५०० |
| 63.2 | सिलाइ मेसिन मर्मत | ३६० |
| 63.3 | ब्युटिक ल्याब्रोटरी | ८०० |
| 64 | **संगित कला केन्द्र** | ५०० |
| 65 | **घुम्ति हाट बजारमा व्यवसाय गर्ने व्यवसायीको हकमा दैनिक** | |
| 65.1 | फेन्सी तथा कपडा पसल | २० |
| 65.2 | किराना, वेसादा तथा भाँडा पसल | १० |
| 65.3 | अन्य प्रकृतिका | १० |
| 66 | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| 66.1 | ठुला उद्योग | ४००० |
| 66.2 | मझौला उद्योग | ३००० |
| 66.3 | साना उद्योग | २००० |
| 67 | **माथी उल्लेख नभएको अन्य पेशा व्यवसाय** | |
| 67.1 | डिष्ट्रीव्युटर्स थोक पसल | २००० |
| 67.2 | खुद्रा पसल | १५०० |
| 68 | **सडक मर्मत, पर्यावरण, संरक्षण तथा नदि नियन्त्रण सेवा शुल्क ढुंगा, गिटी, बालुवा छर्री मिक्सकट** | |
| 68.1 | जिल्ला बाहिर निकासी हुनेमा (प्रति ट्रक) | ७५ |
| 68.2 | जिल्ला बाहिर निकासि हुनेमा (प्रति ट्र्याक्टर) | ३५ |
| 68.3 | लोकल निकासिमा (ट्रक प्रति ट्रिप) | ५० |
| 68.4 | ट्र्याक्टर प्रति ट्रिप | २५ |
| 68.5 | माटो ढुवानी गर्ने ट्र्याक्टर प्रति ट्रालि | १० |
| 68.6 | माटो ढुवानी गर्ने ट्रक प्रति ट्रिप | २० |
| 68.7 | डल्लबबाट | १० |
| 70.4 | माटाको भाडा बनाउने उद्योग | २०० |

**अनुसूची(५)**
**दफा(६)सँग सम्बन्धित**
**जडिबुटी, कवाडी र जीवजन्तु करको दररेट**

| क.सं | विवरण | दर रु. |
|---|---|---|
| १. | कागजजन्य सामानका लागि प्रति किलोग्राम | १।- |
| २. | फलामजन्य सामानका लागि प्रति किलोग्राम | २।- |
| ३ | स्टिलजन्य सामानका लागि प्रति किलोग्राम | २।- |
| ४. | अन्य, प्रति किलोग्राम | २।- |

**अनुसूची(६)**
**दफा(७)सँग सम्बन्धित**
**सवारी साधन करको दररेट**

| **क.स.** | **सवारी साधनको किसिम** | **वार्षिक दर रु. ०७४/०७५** |
|---|---|---|
| १. | बस, टक, लरी र अन्य हेभी गाडीमा | १०००।- |
| २. | कालो प्लेटको कार, जीप र भ्यान | २००।- |
| ३. | भाडाको टेम्पो | १००।- |
| ४. | मिनि/माईक्रो बस, मिनि ट्रक | ५००।- |
| ५. | रातो प्लेट भएको कार, टेम्पो तथा मिनिवस | १००।- |
| ६. | अटो रिक्सा, मोटरसाइकल, स्कुटर | ५०।- |
| ७. | रातो/कालो प्लेट भएको भाडामा चल्ने ट्र्याक्टर | १००।- |
| ८. | ठेलागाडा तथा रिक्सा | २५।- |
| ९. | अटो रिक्सा, टेम्पो, ठेला, टाँगा दर्ता वापत | रु. २००।- |
| १०. | **पटके सवारी कर :-** | |
| (क) | नीजि तथा भाडाका बस, ट्रक | २५।- |
| (ख) | मिनि बस | २०।- |
| (ग) | नीजि तथा भाडाका कार टेम्पो | १५।- |
| (घ) | अन्य सवारी साधन | १०।- |

# अनुसूची(७)
## दफा(८)सँग सम्बन्धित
## विज्ञापन करको दररेट

| क्र.स. | विवरण | वार्षिक दर रु. ०७४/०७५ |
|---|---|---|
| १. | होडिङ बोर्ड प्रति स्क्वायर फिट | १०००।- |
| २. | सब बोर्ड प्रति स्क्वायर फिट | २००।- |
| ३. | सानो बोर्ड का लागि २० स्क्वायर फिट सम्म | १००।- |
| ४. | २० स्क्वायर फिट देखि ३० स्क्वायर फिट सम्म | ५००।- |
| ५. | वाल पेन्टिङ प्रति स्क्वायर फिट | १००।- |
| ६. | ग्लो साइनबोर्ड प्रति स्क्वायर फिट | ५०।- |
| ७. | पोल ब्यानर हप्ताको प्रति स्क्वायर फिट | १००।- |

**अनुसूची(८)**
**दफा(९)सँग सम्बन्धित**
**मनोरञ्जन करको दररेट**

| **क्र.सं** | **विवरण** | **दर रु. ०७४/७५** |
|---|---|---|
| १. | सिनेमाहल, मिडियाहल, सांस्कृति प्रदर्शन हल आदिमा (वार्षिक) | 1000 |
| २. | जादु, सर्कस, चटक, आदिमा (प्रतिदिन) | 200 |
| ३. | व्यावसायिक भिडियो कर (वार्षिक) | 1500 |

**अनुसूची(९)**
**दफा(१०)सँग सम्बन्धित**
**बहाल बिटौरी करको दररेट**

| क्र.सं | विवरण | दर रु (प्रति वर्गफूट) ०७४/७५ |
|---|---|---|
| १ | बजार क्षेत्र | २ |
| २ | बसोवास क्षेत्र | १ |

**अनुसची(१०)**
**दफा(११)सँग सम्बन्धित**
**पार्किङ् शुल्क को दररेट**

| **क.सं** | **विवरण** | **दर रु. ०७४/७५** |
|---|---|---|
| १. | बस, ट्रक, ट्याकटर प्रति पटक | ५०।- |
| २. | मिनि बस, माईक्रो बस प्रति पटक | ४०।- |
| ३. | जीप, कार प्रति पटक | ३०।- |
| ४. | मोटरसाइकल, रिक्सा, अटो रिक्सा, ठेला, गाडा र अन्य साधन प्रति पटक | १०।- |

## अनुसूची-११
## दफा(१२) सँग सम्बन्धीत

यस सम्बन्धीत व्यवस्था गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

**अनुसूची-१२**
**दफा(१३) सँग सम्बन्धीत**
**सेवाशुल्क, दस्तुरको दररेट**

| क.सं | विवरण | दर रु. ०७४/७५ |
|---|---|---|
| 1 | निवेदन दस्तुर र परिक्षा दस्तुर नियमानुसार लिईनेछ। | |
| 2 | नागरिकता सिफारिस फाराम सहित | १३०।- |
| 3 | नागरिकता प्रतिलिपी सिफारिस | १३०।- |
| 4 | स्वदेशको लागि सामान्य सिफारिस दस्तुर | ११०।- |
| 5 | नाम, थर संशोधन सिफारिस | ११०।- |
| 6 | नाता प्रमाणित सिफारिस | २५०।- |
| 7 | नाता कायम सिफारिस | ११०।- |
| 8 | पारिवारिक विवरण सिफारिस | ११०।- |
| 9 | बसोबास प्रमाणित सिफारिस | ११०।- |
| 10 | पिछडिएको क्षेत्र सिफारिस | ११०।- |
| 11 | नाबालक सिफारिस | ११० |
| 12 | जन्म मिति प्रमाणित सिफारिस | ११० |
| 13 | बैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | ११० |
| 14 | अविवाहित प्रमाणित सिफारिस | ११० |
| 15 | व्याक्ति प्रमाणित सिफारिस | ११० |
| 16 | मदिरा व्यवसाय सिफारिस | २५० |
| 17 | व्यक्तिगत घटना दर्ता (३५ दिन पछि) | ५० |
| 18 | घर नभएको जग्गा बकस पत्र, सट्टा पट्टा, आदि प्रयोजनको लागि सिफारिस | ११० |
| 19 | घर समेत भएको जग्गा | ११० |
| 20 | जग्गा नामसारि वा अंश बण्डा प्रयोजनको लागि गरिने सिफारिस | ११० |
| 21 | पेन्सनपट्टा सिफारिस( स्वदेशी ) | ११० |
| 22 | पेन्सनपट्टा सिफारिस (विदेशी | २५० |
| 23 | प्रत्येक सिफारिस अंग्रेजिमा | २५० |
| 24 | खानेपानी,विद्युत ,टेलिफोन जडान र नामसारी, ठाँउसारि सिफारिस ( आवासीय ) | ११० |
| 25 | खानेपानी,विद्युत ,टेलिफोन जडान र नामसारी, ठाँउसारि सिफारिस( व्यवसायिक ) | २५० |
| 26 | चार किल्ला प्रमाणित (बैङ्किङ प्रयोजनको लागि) सिफारिस | २५० |
| 27 | चार किल्ला प्रमाणित सिफारिस (अन्य प्रयोजनको लागि) | २५० |
| 29 | चार किल्ला प्रमाणित (मुख्य बाटो र बजार क्षेत्र) | २५० |
| 30 | वस्तुगत विवरण(घर,गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस, बजार क्षेत्र | १५० |
| 31 | वस्तुगत विवरण(घर,गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस, ग्रामीण क्षेत्र | ११० |
| 32 | अस्थाई घर ईजाजत दस्तुर | १५० |
| 33 | जग्गा नामसारी प्रति कठ्ठा बजार क्षेत्र | २५ |
| 34 | जग्गा नामसारी प्रति कठ्ठा ग्रामीण क्षेत्र | २० |

| | | |
|---|---|---|
| 35 | छात्रवृत्ति सिफारिस दस्तुर | ११० |
| 36 | **घरबाटो प्रमाणित** | |
| | क) पक्की सडक | १५०० |
| | ख) ग्राभेल सडक | १००० |
| | ग) कच्ची सडक | ५०० |
| | घ) भित्री खेतियोग्य जग्गा | ३०० |
| 37 | इटा भट्टा उद्योग सिफारिस चिम्नी | ५००० |
| 38 | इटा भट्टा उद्योग सिफारिस भुसे | ४००० |
| 39 | स मिल भेनियर सिफारिस | ३००० |
| 40 | सीमेन्ट टायल उद्योग सिफारिस | २५०० |
| 41 | माटो टायल उद्योग सिफारिस | २००० |
| 42 | फर्निचर उद्योग सिफारिस | २००० |
| 43 | पाउरोटी उद्योग सिफारिस | १५०० |
| 44 | १० H.P सम्मको डिजेल मिल सिफारिस | ५०० |
| 45 | ११ H.P देखि २५ H.P सम्मको डिजेल मिलको सिफारिस | १००० |
| 46 | २५ H.P देखि माथीको डिजेल मिलको सिफारिस | १५०० |
| 47 | ५ H.P सम्मको इलेक्ट्रीक मिल सिफारिस | ७०० |
| 48 | ११ H.P देखि २५ H.P सम्मको डिजेल मिलको सिफारिस | १२०० |
| 49 | २५ H.P देखि माथीको डिजेल मिलको सिफारिस | २००० |
| 50 | पेट्रोल,डिजेल पम्प स्थापना सिफारिस | ५००० |
| 51 | मट्टितेल पम्म स्थापना सिफारिस | २००० |
| 52 | अटो मोबाइल, अटो वर्कसप सिफारिस | १५०० |
| 53 | रुख कटान सिफारिस(सिसौ,साबुन) प्रति रुख | २०० |
| 54 | रुख कटान सिफारिस(सिमल, खयर) प्रति रुख | २०० |
| 55 | रुख कटान सिफारिस( बकाइनो, बबुर, लिप्टीस तथा अन्य) प्रति रुख | १५० |
| 56 | मिलापत्र बक्सौनी दस्तुर | २०० |
| 57 | टाँगा रिक्सा ठेला नविकरण दस्तुर | २५ |
| 58 | बन्दुक नविकरण क्षेत्रगत | ५०० |
| 59 | बन्दुक नविकरण अधिराज्य | १००० |
| 60 | कागजातको नक्कल प्रति पाना | १० |
| 61 | घरजग्गाको नक्साको प्रतिलिपी प्रति थान | १५० |
| 62 | मोही जग्गा नामसारी प्रति कठ्ठा शहरी | ४०।- |
| 63 | मोही जग्गा नामसारी ग्रामीण | ३०।- |
| 64 | जिर्ण श्रेस्ता जग्गा धनी प्रतिलिपी सिफारिस | ११०।- |
| 65 | श्रेस्ता कार्यान्वयन सिफारिस | ११०।- |
| 66 | नामसारी दस्तुर (बस,ट्रक) | ५०० |
| 67 | नामसारी दस्तुर(ट्याम्पु, ट्याक्टर जिप) | ३०० |
| 68 | नामसारी दस्तुर (मो.स। अटोरिक्सा) | २०० |
| 69 | नामसारी दस्तुर(रिक्सा,ठेला) | ११० |
| 70 | नामसारी दस्तुर टाँगा | ११० |
| 71 | नामसारी ठाउँसारी(व्यापार,व्यवसाय) | ५०० |
| 72 | व्यवसाय दर्ता प्रमाणपत्र दस्तुर | २५० |
| 73 | अमिन सेवा शुल्क(व्यक्तिगत र विवादित जग्गा छुट्याउँदा) प्रति कित्ता | ७०० |
| 74 | अमिन सेवा शुल्क(घर नक्सा सर्जमिन दस्तुर) | ५०० |

| | | |
|---|---|---|
| 75 | अन्य विविध सिफारिस दस्तुर | ११० |
| 76 | घर नक्सा प्रमाणपत्र प्रतिलिपि | २०० |
| 81 | मल्टीमिडिया(प्रोजेक्टर) भाडा प्रतिदिन | ५०० |
| 83 | पशु प्रबेश शुल्क प्रति जिउ | ५० |
| 84 | पशु हाट बजारमा पशु खरिद विक्री प्रति जिउ | १०० |
| 85 | पशु हाट बजारमा पशु सट्टा पट्टा प्रति जिउ | ५० |
| 88 | घरनक्सा संसोधन ग्रामिण क्षेत्र | ५०० |
| 89 | घरनक्सा संसोधन बजार क्षेत्र | १००० |
| 90 | नीजी विद्यालय स्थापना सिफारिस शुल्क | २००० |
| 91 | निजी विद्यालय थप कक्षा संचालन सिफारिस (प्रा.वि) | ५०० |
| 92 | नयाँ पसल व्यवसाय स्थापना सिफारिस | २५० |
| 93 | पसल/उद्योग/बन्द सिफारिस | २०० |
| 94 | पशु पालन फर्म स्थापना सिफारिस | ५०० |
| 95 | पन्छी पालन फर्म स्थापना सिफारिस | ३०० |
| 96 | मैरी पालन फर्म स्थापना सिफारीस | २०० |
| 97 | माछापालन फर्म स्थापना सिफारिस | ५०० |
| 98 | व्यवसायी कृषी फर्म स्थापना सिफारिस | ५०० |
| 99 | **सम्पत्ति मुल्याङ्कन सिफारिस शुल्क** | प्रति हजार रु १ का दरले |
| 100 | **सर्जमिन दस्तुर** | |
| 100.1 | वंशजको नागरिकताको सिफारिस गर्दा गरिने सर्जमिन | २५० |
| 100.2 | अंगिकृत नागरिकताको सिफारिस गर्दा गरिने सर्जमिन | ५०० |
| 100.3 | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | २५० |
| 100.4 | ठुलो उद्योग स्थापनाको लागि सर्जमिन गर्दा | १५०० |
| 100.5 | मझ्यौला उद्योग स्थापनाको लागि सर्जमिन गर्दा | १००० |
| 100.6 | साना उद्योग स्थापनाको लागि सर्जमिन सहित सिफारिस | ७०० |
| 100.7 | अन्य उद्योग सर्जमिन | ५०० |
| 100.8 | अन्य प्रयोजनका लागि सर्जमिन गर्दा | २५० |
| 101 | प्रतिलिपी दस्तुर (A4 वा सो भन्दा सानो साईजमा) | १० |
| 102 | प्रतिलिपी दस्तुर (A4 भन्दा ठुलो साईजमा जस्तै : गुरुयोजना) | २० |
| 103 | ट्रेस नक्सा निर्माण तथा प्रमाणित : पहिलो १ कित्ता माग भएमा | ११० |
| 104 | ट्रेस नक्सा प्रमाणित मात्र : पहिलो १ कित्ता माग भएमा | २५ |
| 105 | ट्रेस नक्सा १ कित्ता भन्दा बढी माग भएमा थप प्रति कित्ता | ११० |
| 106 | ***संस्था दर्ता तथा नवीकरणमा*** | |
| 107.1 | नया दर्ता सिफारिसमा | ५०० |
| 107.2 | नवीकरण सिफारिस | ३०० |
| 108 | **आय स्रोत प्रमाणित सिफारिसः** | |
| 108.1 | आय स्रोत प्रमाणित सिफारिस(रु.१ लाख सम्मको) | ३०० |
| 108.2 | आय स्रोत प्रमाणित सिफारिस (रु. ५ लाख सम्मको) | ५०० |
| 108.3 | आय स्रोत प्रमाणित सिफारिस (रु. १० लाख सम्मको) | ७०० |
| 108.4 | आय स्रोत प्रमाणित सिफारिस (रु. २० लाख सम्मको) | १२०० |
| 108.5 | आय स्रोत प्रमाणित सिफारिस (रु. ५० लाख सम्मको) | २००० |
| 108.6 | आय स्रोत प्रमाणित सिफारिस (रु. १ करोड सम्मको) | ३००० |
| 108.7 | आय स्रोत प्रमाणित सिफारिस (रु. करोड भन्दा माथिको) | ५००० |
| 109 | ***निजी विद्यालय अप ग्रेड सिफारिस*** | |
| 109.1 | नि.मा.वि. सम्मका लागि | ७०० |

| | | |
|---|---|---|
| 109.2 | मा.वि. सम्मका लागि | १००० |
| 109.3 | उच्च मा.वि. सम्मका लागि | १५०० |
| 110 | पशु वस्तु ( रांगा, भैसी, गोरु )को निकासीको सिफारिस प्रति गोटा | ५० |
| 111 | गैर सरकारी संघ, संस्था, क्लव, कम्प्युटर इन्टिच्युट ,आदिको दर्ता सिफारिस | ५०० |
| ११२ | गेरुवा गाउंपालिका क्षेत्र भित्रको सडक किनारा फुटफाथ, सार्वजनिक जग्गा आदिमा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम र केबुल लाईन आदिले पोल, क्याविनेट, तारबार, ट्रान्सफर्मर आदि राखी तार लाईन विस्तारमा निम्न अनुसारको मासिक शुल्क लिने | |
| | **विद्युत सम्बन्धि** | |
| | क) केन्द्रीय विद्युत लाईनको पोल १ को | **१०००** |
| | ख) साधारण पोल १ को | **३००** |
| | ग) ट्रान्सफर्मर १ को | **५००** |
| | घ) तारलाईन १ को प्रतिमिटर | **०.०३ प्रतिशत** |
| | **नेपाल टेलिकम** | |
| | क) साधारण पोल १ को | **५०।००** |
| | ख) तार लाईन १ को प्रति मिटर | **०.०३ प्रतिशत** |
| | ग) क्याविनेट १ को | **१००।००** |

## ११३. घरनक्सा पास दस्तुर :

| क्र.स | विवरण | दर रु. ०७४/७५ |
|---|---|---|
| १. | पिच सडकका दायाँ बाँया बन्ने व्यापारीक घरहरु पक्की, आर.सी.सी फ्रेम स्ट्रक्चर प्रति वर्गफुट रु. | ४ |
| | पिच सडकका दायाँ बाँया बन्ने व्यापारीक ब्लक ,इटा , ढुंगा ,टिन, टायल प्रति बर्ग फुट रु | ३ |
| २. | पिच सडकका दायाँ बाँया बन्ने आवासीय घरहरु पक्की, आर.सी.सी फ्रेम स्ट्रक्चर प्रति वर्गफुट रु. | ३ |
| | पिच सडकका दायाँ बाँया बन्ने आवासीय घरहरु ब्लक , टिन ,टायल ढुंगा, इटा प्रति वर्गफुट रु. | २ |
| ३. | ग्राभेल सडकमा बन्ने घरको प्रति वर्गफुट रु. | २ |
| ४. | कच्ची तथा ग्रामिण सडकमा बन्ने पक्की घरको प्रति वर्गफुट रु | २ |
| ५. | कच्ची तथा ग्रामिण सडकमा बन्ने पक्की इटा र सिमेन्ट जोडाइ घरको प्रति वर्गफुट रु | २ |
| ६. | पक्की इटा माटोको जोडाइ तथा ब्लकबाट बनेको घरको प्रति वर्गफुट रु | १।५ |
| ७. | माटोले बनेको कच्ची घरको प्रति वर्गफुट रु | १ |

**नोटः**

मर्मत सुधारको इजाजत दस्तुर — प्रति वर्गफुट ५० पैसा लाग्नेछ ।

घर नक्सा पास निवेदन फाराम — :- रु.५००।-

**नक्सापास गर्दा रेखाङ्कन शुल्क (Layout):-**

(क) ६५ वर्ग मिटरसम्म — :- रु. ७००।-

(ख) ६६ वर्ग मिटर देखि ९० वर्ग मिटरसम्म — :- रु १०००।-

(ग) ९१ वर्ग मिटरदेखि ११५ वर्ग मिटरसम्म — :- रु. १२००।-

(घ) ११६ वर्ग मिटर देखि माथि — :- रु. २०००।-

**अनुसूची(१३)**
**दफा(१४) सँग सम्बन्धीत**
**पर्यटन शुल्कको दररेट**

यस सँग सम्बन्धित व्यवस्था गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तोकेबमोजिम हुनेछ ।

**अनुसूची(१४)**
**दफा(१५) सँग सम्बन्धीत**
**जरिवानाको दररेट**

यस सँग सम्बन्धित व्यवस्था गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तोकेबमोजिम हुनेछ ।

**अनुसूची(१५)**
**दफा(१६) सँग सम्बन्धीत**
**घरजग्गा रजिष्ट्रेशन शुल्कको दररेट**

यस सँग सम्बन्धित व्यवस्था गेरुवा गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।